नेपाल सरकार

**प्रदेश प्रमुख**
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली



## २५६९ औं बुद्ध जयन्तीको को शुभकामना सन्देश

बौद्ध धर्मका प्रवर्तक, विश्व शान्तिका अग्रदूत, राष्ट्रिय विभूति गौतम बुद्धको २५६९ औं बुद्ध जयन्तीको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण बौद्ध धर्मावलम्बी, शान्ति र अहिंसा प्रेमी नेपाली दिदिवहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

"अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो" भन्ने मूल मन्त्रका साथ सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुऱ्याएको योगदानको स्मरण स्वरुप प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन यो पर्व मनाउने गरिन्छ। बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहारलगायत स्थलमा पूजाआजा लगायतका विधि पूरा गरी बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्दछन्।

विश्व शान्तिका प्रकाश भनेर चिनिने शान्तिदूत बुद्धका प्रेरणादायी उपदेश र मार्गदर्शनको परिपालन गर्न सकेमा सम्पूर्ण नेपालीहरु बीच सामाजिक तथा सांस्कृतिक सद्भाव, सहिष्णुता एवम् राष्ट्रिय एकता अक्षुण्ण राख्न सघाउ पुग्ने विश्वास लिएको छु। साथै गौतम बुद्धले दिनुभएको मार्गद्वारा आपसी प्रेम, सद्भाव र आत्मीयता अभिवृद्धि गर्दै जानेछ भन्ने विश्वास मैले लिएको छु।

अन्तमा,२५६९ औं बुद्ध जयन्तीको शुभ अवसरमा बुद्धले प्रतिपादन गरेका अहिंसा र शान्तिको मार्ग र उपदेशले संसारलाई हिंसा र युद्धको बाटो छाडी अहिंसा, मित्रता र विश्वबन्धुत्वको मार्गद्वारा विश्व शान्ति कायम गर्न सदैव प्रेरणा प्रदान गरिरहोस् भन्ने कामना सहित पुनः शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !
२०८२ वैशाख २९ गते, सोमवार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख